**Nepalese Culture**
**Vol. 19 : 125-144, 2026**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/nc.v19i01.95027

# काठमाडौँ टेबहाल स्थित सङ्कटा मन्दिरको सांस्कृतिक अध्ययन

**यमनाथ उपाध्याय**[१]
Emal: ynu143@gmail.com

**Received Date: April 09, 2026; Accepted Date: May 15, 2026; Published on: June 1, 2026**
**Copyright: @CDNeHCA, Tribhuvan University**

## लेखसार

काठमाडौँको टेबहाल स्थित सङ्कटा मन्दिरको सांस्कृतिक अध्ययनमा आधारित यस शोधको मुख्य उद्देश्य मन्दिरको ऐतिहासिकता, मूर्त सम्पदा र यसमा अन्तर्निहित अमूर्त सांस्कृतिक पक्षहरूको अन्वेषण गरी यसको समग्र पहिचानलाई उजागर गरिएको छ । सङ्कटा मन्दिर हिन्दू र बौद्ध धर्मावलम्बीहरूबीचको धार्मिक समन्वय र तान्त्रिक परम्पराको एक जीवन्त सङ्गमस्थलका रूपमा रहेको छ । प्रस्तुत अनुसन्धान ऐतिहासिक एवं सांस्कृतिक अन्वेषणमा आधारित छ, जसमा गुणात्मक विधि र आगमनात्मक ढाँचाको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनका लागि २०८१ र २०८२ सालमा स्थलगत अवलोकन र पुजारी तथा सरोकारवालाहरूसँग अन्तर्वार्ता लिइएको थियो । द्वितीयक स्रोतका रूपमा पुस्तक, अभिलेख, विज्ञ समीक्षित जर्नलको उपयोग गरिएको छ । अध्ययनका मुख्य प्राप्तिहरूले सङ्कटा मन्दिरको ऐतिहासिक सम्बन्ध लिच्छविकालसँग रहेको पुष्टि गर्दछन् । राजा नरेन्द्रदेव र आचार्य बन्धुदत्तले कामरूप कामाक्षाबाट सङ्कटालाई नेपाल ल्याएको किंवदन्ती र मन्दिर परिसरका लिच्छविकालीन चैत्य एवं अभिलेखहरूले यसको प्राचीनता प्रमाणित गर्दछन् । यहाँ हिन्दूहरूले सङ्कटालाई शनिको रूपमा र बौद्धहरूले चण्डमहारोषण वा पद्मान्तकका रूपमा पुज्ने गरेको पाइन्छ, जसले अनुपम धार्मिक सहिष्णुता झल्काउँछ । मन्दिरको मूर्त सम्पदामा दुईतले घर शैलीको वास्तुकला र प्रतिमा लक्षणहरू महत्त्वपूर्ण छन् भने अमूर्त संस्कृतिअन्तर्गत नित्य पूजा, नैमित्तिक पूजा, बुसाधँ पूजा र बाह्रवर्षे जात्रा जस्ता परम्पराहरू पुस्तान्तरण हुँदै आएका छन् । सङ्कटा मन्दिर काठमाडौँको एउटा विशिष्ट सांस्कृतिक र तान्त्रिक केन्द्र हो । मन्दिरको मूर्त संरचना र यहाँका जीवन्त परम्पराहरूले नेपालको मौलिक पहिचानलाई जोगाइराखेका छन् । यसको ऐतिहासिक गहिराइ र साझा धार्मिक आस्थाको संरक्षण गर्नु अपरिहार्य देखिन्छ ।

---

१ यमनाथ उपाध्याय निरन्तर ज्ञानको खोजीमा लागिरहने एक लगनशील अनुसन्धानकर्ता हुन् । प्राज्ञिक यात्राको क्रममा उनले सन् २०२३ मा राजनीतिशास्त्रमा र सन् २०२५ मा नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका छन् । अध्ययन र सिकाइको यात्रालाई फराकिलो बनाउने उद्देश्यले हाल बौद्ध अध्ययनमा स्नातकोत्तर गर्दै छन् । उनको विशेष लगाव र गहिरो रुची पूर्वीय वाङ्मयमा निहीत रहेका प्राचीन दर्शन र सिद्धान्तहरूको अध्ययनमा रहेको छ । उनी अध्येता मात्र नभएर परम्परागत पूर्वीय दर्शन र सिद्धान्तहरूलाई समसामयिक तथा नितान्त नयाँ दृष्टिकोणबाट विश्लेषण र खोजी गर्ने एक अन्वेषक हुन् ।

**सूत्रशब्द :** चण्डमहारोषण, पद्मान्तक, अचलवीर, सङ्कटा, बन्धुदत्त

## परिचय

काठमाडौं उपत्यकाको सांस्कृतिक एवं धार्मिक इतिहासमा टेबहालमा अवस्थित सङ्कटा मन्दिरको विशिष्ट स्थान रहेको छ । काठमाडौं महानगरपालिका वडा नं. २२ अन्तर्गत टेबहालमा सङ्कटा मन्दिर छ । टेबहाल भित्र पस्ने पूर्वतिरको मूल बाटोमा गणेशको एउटा सानो मन्दिर छ । सङ्कटा मन्दिर रहेको परिसरलाई राजकीर्ति महाविहार परिसर पनि भन्ने गरिन्छ । यस परिसर धार्मिक दृष्टिकोणले अत्यन्तै महत्त्वपूर्ण स्थल हो । सङ्कटा मन्दिर एउटा धार्मिक तथा सांस्कृतिक संरचना मात्र नभई हिन्दू र बौद्ध धर्मावलम्बीहरूबीचको धार्मिक समन्वय र तान्त्रिक परम्पराको एक जीवन्त सङ्गमस्थल पनि हो । सङ्कटालाई विशेष गरी सङ्कट निवारण गर्ने शक्तिशाली देवताका रूपमा पुजिन्छ, जसको आराधनाले ग्रहदशा र अनिष्टहरू शान्त हुने जनविश्वास रहिआएको छ ।

ऐतिहासिक र धार्मिक दृष्टिकोणबाट हेर्दा सङ्कटाको पहिचान बहुआयामिक देखिन्छ । मानन्धर (२०५१) का अनुसार नामको दृष्टिले यिनलाई देवी वा योगिनी भन्न सकिन्छ । बज्रयान बौद्ध दर्शनमा यिनलाई चण्डमहारोषण वा अचल देवताका रूपमा उल्लेख गरेका छन् । वज्राचार्य (२०५९) ले यसलाई अझ प्रष्ट पार्दै ललितपुरको इलांननीमा चण्डमहारोषण र काठमाडौंको टेबहालमा पद्मान्तकका रूपमा सङ्कटाको प्रतिमा स्थापना गरिएको उल्लेख गरेकी छन् । न्यौपाने (२०१६) ले 'श्रीचण्डमहारोषणतन्त्रम्' ग्रन्थमा यी देवताको तान्त्रिक गहिराइ, एकलवीर स्वरूपको व्याख्या, अचल र चण्डमहारोषणको उल्लेख गरेका छन् ।

मन्दिरको मूर्त सम्पदा र वास्तुकलाले पनि यसको प्राचीनता र सांस्कृतिक ओजलाई झल्काउँछ । Locke (1985) का अनुसार, दुईतले घर आकारको यस मन्दिरको भुइँतल्लामा पद्मपाणि लोकेश्वरको मूर्ति छ भने सङ्कटाको मुख्य मूर्ति माथिल्लो तल्लामा प्रतिस्थापन गरिएको छ । मन्दिरका टुँडालहरूमा कुँदिएका पञ्चरक्षा देवीका मूर्तिहरू र छानामा रहेका पाँचवटा गजुरहरूले यसको मूर्त सांस्कृतिक सम्पदालाई पुष्टि गर्ने कुरालाई जोड दिएका छन् । मन्दिरको अमूर्त सांस्कृतिक पक्ष यसको नित्य पूजा, नैमित्तिक पूजा, भाकल पूजा तथा बाह्रवर्षे जात्रासँग जोडिएको छ । अमात्य (२०६८) ले आचार्य बन्धुदत्तले कामरूप कामाक्षाबाट सङ्कटालाई नेपाल ल्याएको प्रसङ्ग उल्लेख गर्दै प्रत्येक बाह्र वर्षमा कटुवालदहदेखि टेबहालसम्म गरिने तान्त्रिक यात्रा र कलश भित्र्याउने विधिलाई महत्त्वपूर्ण मानेका छन् । श्री सङ्कटा १२ वर्षे मेला सहयोग समिति (२०५९) को अनुसार, यस प्रक्रियामा टेबहालको शिखाकार गुठी, बज्राचार्य पुजारीहरू र स्थानीय समुदायको सक्रिय सहभागिता रहने कुरा उल्लेख पाइन्छ ।

माथि उल्लेखित साहित्यहरूले मन्दिरको धार्मिक तथा सांस्कृतिक परिचय र घटनाक्रमलाई समेटेका भए तापनि मन्दिरको मूर्त कलात्मक सम्पदा र जीवन्त अमूर्त परम्पराहरूलाई एकै ठाउँमा राखेर गरिने सांस्कृतिक अध्ययनको अभाव देखिन्छ । खासगरी, आधुनिक परिवेशमा यी परम्पराहरूको निरन्तरता र मूर्त सम्पदाको ऐतिहासिक कडीहरूलाई प्राज्ञिक रूपमा अन्वेषण गर्नु आवश्यक छ ।

यसै पृष्ठभूमिमा आधारित प्रस्तुत शोधले सङ्कटा मन्दिरको ऐतिहासिकता र मूर्त सम्पदाको अवस्था कस्तो छ? तथा यससँग जोडिएका अमूर्त सांस्कृतिक सम्पदाहरू (पूजा विधि, जात्रा) को स्वरूप र महत्त्व के छ? भन्ने शोध प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरेको छ । यस अध्ययनको मुख्य उद्देश्य सङ्कटा मन्दिरको ऐतिहासिक एवं मूर्त सम्पदा र यसका अन्तर्निहित अमूर्त सांस्कृतिक पक्षहरूको अन्वेषण गरी यसको समग्र सांस्कृतिक पहिचानलाई उजागर गर्नु रहेको छ ।

## अनुसन्धानको उद्देश्य

१) सङ्कटा मन्दिरको ऐतिहासिकताको अध्ययन गर्नु ।

२) सङ्कटा मन्दिर स्थित मूर्त सम्पदाको अनुसन्धान गर्नु ।

३) सङ्कटा मन्दिर स्थित अमूर्त सांस्कृतिक सम्पदाको स्वरूप र महत्त्वको खोजी गर्नु ।

## अनुसन्धान विधि

प्रस्तुत शोध ऐतिहासिक तथा सांस्कृतिक अन्वेषणमा आधारित छ। यसमा सङ्कटा मन्दिरको सांस्कृतिक सम्पदा र यससँग जोडिएका विविध पक्षहरूलाई गुणात्मक विधिमार्फत आगमनात्मक ढाँचामा प्रस्तुत गरिएका छन् । अनुसन्धानका लागि आवश्यक तथ्यहरू उद्देश्यमूलक तथा सुविधाजनक नमूना छनौट विधि प्रयोग गरी सङ्कलन गरिएको हो । यस शोधलाई वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचामा व्याख्या गरिएको छ। प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्याङ्कका स्रोतहरू उपयोग गरिएका छन् ।

प्राथमिक तथ्याङ्क सङ्कलनका लागि सम्बन्धित क्षेत्रमा असहभागीमूलक तथा कुनै पनि सूची नबनाई त्यहाँ भएका क्रियाकलापहरूको अनिर्मित तरिकाले अवलोकन गरिएको छ । सङ्कटा मन्दिरको वास्तुकला, मूर्तिको प्रतिमा लक्षण तथा अमूर्त संस्कृतिसँग सम्बन्धित चाडपर्व, जात्रा र अनुष्ठानका पक्षहरूमा स्थलगत अवलोकन गरिएको छ । शोधको प्रारम्भ गर्दाको बखत २०८१ पौषदेखि निरन्तर रूपमा अवलोकन, छलफल, कुराकानी, शोधखोज र यस शोधसँग सम्बन्धित सम्पदाको अवलोकन गरिएको हो । सङ्कटा मन्दिरसँग सम्बन्धित क्षेत्र कटुवालदहमा २०८२ साल श्रावण १० गते स्थलगत अवलोकन गरेर तथ्याङ्क सङ्कलन गरिएको हो । अवलोकन गर्दा व्यक्तिको व्यवहार, वस्तु र घटनालाई हेरेर, अनुभूति गरेर तथ्याङ्क सङ्कलन गरिएको छ ।

मन्दिरका मुख्य पुजारी, अन्य सहायक पुजारीहरू, स्थानीय सरोकारवालाहरू र सम्बन्धित विषयका विज्ञहरूसँग अर्ध-संरचित तथा असंरचित अन्तर्वार्ता लिइएको छ । अन्तर्वार्ता गर्दा अनौपचारिक, व्यक्तिगत अन्तर्वार्ता तथा अनुसन्धानात्मक अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ। यस मन्दिरसँग सम्बन्धित ऐतिहासिकता, मूर्त तथा अमूर्त संस्कृतिको बारेमा सूचना सङ्कलन गर्नको लागि जानकार व्यक्तिहरू, पुजारी, गुठियार, स्थानीय व्यक्तिहरू, संस्कृतिविद्हरूसँग अन्तर्वार्ता लिइएको छ। अध्ययनका क्रममा सङ्कटा मन्दिरका चक्रेश्वर मोतीकाजी बज्राचार्य, संस्कृतिविद् डा. लोकनाथ दुलाल बौद्ध अध्ययनका विज्ञ डा. पुष्परत्न शाक्य लगायत एघार जना विशिष्ट व्यक्तिहरूबाट महत्त्वपूर्ण सूचना प्राप्त गरिएको छ। २०८२ साल असार र श्रावण महिनामा अन्तर्वार्ता लिइएको हो ।

सङ्कटा मन्दिरको वास्तुकला, मूर्तिको प्रतिमा लक्षण तथा अभिलेखहरूको विश्लेषण गर्न, ऐतिहासिकता निर्धारण गर्न तस्बिरमार्फत् पनि तथ्यहरू सङ्कलन गरिएको हो । अमूर्त संस्कृतिअन्तर्गतका जात्रा, पूजा विधिलाई सम्बन्धित विषयमा स्पष्ट पार्न तस्बिर सङ्कलन गरेर विश्लेषण गरिएको छ। मन्दिर परिसरभित्र रहेका प्रकाशित र अप्रकाशित अभिलेखहरूबाट समेत तथ्याङ्क सङ्कलन गरिएको छ। मन्दिर तथा मूर्तिको ऐतिहासिकता, जात्रा, पूजा सञ्चालनका लागि सहयोग गर्ने दाताहरू, के उद्देश्यका लागि दान गरेका हुन् आदिको जानकारी लिनको लागि समेत अभिलेखीय सामग्रीको उपयोग गरिएको हो ।

द्वितीयक स्रोतको रूपमा सम्बन्धित विषयका पुस्तक, पुरातात्त्विक प्रतिवेदन, पूर्व प्रकाशित शोधपत्र, वंशावली, प्राज्ञिक जर्नल, पत्रपत्रिका, विद्युतीय जर्नल तथा आधिकारिक वेवसाइटहरूको गहन अध्ययन गरिएको हो । द्वितीयक स्रोतका तथ्याङ्क सङ्कलन गर्दा पुस्तकालय विधि र विद्युतीय विधिको उपयोग गरिएको छ ।

## मूल प्राप्ति

टेबहाल स्थित सङ्कटा मन्दिरको सांस्कृतिक अध्ययनको क्रममा सङ्कटा मन्दिरको ऐतिहासिकता, मूर्त सांस्कृतिक सम्पदाअन्तर्गत मन्दिरको वास्तुकला, मूर्तिको प्रतिमा लक्षण र अमूर्त संस्कृतिअन्तर्गत नित्य पूजा, नैमित्तिक पूजा, *बुसाधँ पूजा,* बाह्रवर्षे जात्रा, शनिबारे तथा भाकल पूजा यस अध्ययनका मुख्य प्राप्ति हुन्, जसको विश्लेषण निम्नानुसार उपशीर्षकमा गरिएको छ ।

### सङ्कटाको ऐतिहासिकता

लिच्छविकालीन चैत्य र अभिलेखहरू सङ्कटाको क्षेत्रभित्र पाइएको हुनाले यो ठाउँले लिच्छविकालमै महत्त्वपूर्ण स्थान ओगटी सकेको प्रतीत हुन्छ । डेनियल राइटको वंशावलीमा टेबहाल र सङ्कटाको मन्दिरको निर्माताको श्रेय लिच्छवि राजा नरेन्द्रदेवलाई दिइएको छ । उक्त वंशावलीमा राजा नरेन्द्रदेवले आफ्नो गुरु बन्धुदत्त आचार्यको लागि यो बहाल र सङ्कटाको मन्दिर निर्माण गरिदिएका थिए (Locke, 1985, p. 306) । सोही वंशावलीअनुसार बन्धुदत्तले पद्मान्तक स्थापना गरे भनी उल्लेख गरिएको छ (अमात्य, २०५३, पृ. १७) ।

राजा नरेन्द्रदेव, आचार्य बन्धुदत्त र ललित ज्यापुले कामरूप कामाक्षाबाट साधना गरी मत्स्येन्द्रनाथलाई नेपालमा ल्याउँदा कटुवालदहमा सङ्कटाले पाँच औँलायुक्त दायाँ हत्केला देखाएर बाटो रोके । सङ्कटालाई पनि मत्स्येन्द्रनाथसँगै नेपाल मण्डलमा लैजान आग्रह गरेकाले तान्त्रिक आचार्य बन्धुदत्तले केही समयपश्चात् लिन आउने बाचा गरी कटुवालदहमै स्थापना गरेर मत्स्येन्द्रनाथलाई ललितपुरको बुङ्मतीमा स्थापना गरे । केही समयपछि सङ्कटालाई कटुवालदहबाट काठमाडौँको टेबहालमा ल्याएर स्थापना गरे । ललितपुरस्थित पाटनको तःबहामा भएको रातो मत्स्येन्द्रनाथको मन्दिर परिसर जतिको जग्गा काठमाडौँको टेबहालमा उपलब्ध गराएर सङ्कटालाई स्थापना गराइएको जनविश्वास रहेको छ ।

शैव, वैष्णव आगमका भक्तहरू श्री सङ्कटालाई भगवतीको रूप वा शनि सङ्कटाको रूप मानेर मंगलबार, शनिबार, नवरात्री तथा जन्मोत्सवका अवसरमा पूजा गर्ने गर्दछन् । बज्रयानी बौद्ध धर्मावलम्बीहरूले सङ्कटालाई दशक्रोध योगिनी, अष्टमातृकागण, पद्मान्तक, बौद्ध तान्त्रिक भैरव तथा चण्डमहारोषण भनी पूजा

गर्दछन् (खनाल, २०७०, पृ. ९८) । सङ्कटालाई हिन्दू धर्मावलम्बीहरूले शनिग्रह, शक्तिपीठ, शनि सङ्कटा, भवानी नवदुर्गाको रूपमा पुज्दछन् (बज्राचार्य, २०६०, पृ. २३) ।

काठमाडौँदेखि करिव २२ कि.मी. दक्षिणमा पर्ने कटुवालदह सङ्कटासँग सम्बन्धित महत्त्वपूर्ण धार्मिक स्थल हो । कटुवालदहमा तामाङ समुदायको बसोबास छ । स्थानीयहरूले पाँच औँला देखाएको स्थानलाई वासुकी थान भनेर भन्ने गर्दछन् । वासुकी थानमा बैशाख १ गते मेला लाग्ने कुरा अन्तर्वार्ताको क्रममा प्राप्त भएको थियो (व्यक्तिगत अन्तर्वार्ता, घोतमान तामाङ, कटुवालदह, २०८२-०४-१०) ।

सङ्कटा मन्दिरको दक्षिणतर्फको जलद्रोणीको छेउमा एउटा लिच्छविकालीन अभिलेख रहेको छ । यसमा संवत् उल्लेख गरिएको छैन । यस अभिलेखमा प्रियपाल नामक भिक्षुले कुवा र टुटेधारा बनाएको उल्लेख छ (वज्राचार्य, २०५३, पृ. ४५४) । यस विहार क्षेत्रमा लिच्छविकालीन अभिलेख रहनुले पनि यस क्षेत्रमा धार्मिक प्रयोजनका लागि मठ मन्दिर, विहारहरू रहेको प्रतीत हुन्छ । भक्तजनहरूको लागि पानीको सहजताको लागि र पुण्य कमाउनको लागि धार्मिक प्रवृत्ति भएका भिक्षुले यस स्थलमा कुवा र टुटेधारा बनाएको देखिन्छ ।

टेबहाल परिसर लिच्छविकालमा नै स्थापना भएको हो । यस परिसरमा गणेश मन्दिरको अगाडि बायाँ पट्टिको पसलभित्र महांकालको मूर्ति छ । त्यसैको पादपीठमा लिच्छविकालीन अभिलेख छ । उक्त अभिलेख मानदेवको पालामा सार्थवाह गुहमित्रले संवत् ४०२ आषाढ शुक्ल पूर्णिमाको दिन इन्द्रनामक भगवान सूर्यलाई भक्तिपूर्वक स्थापना गरेको पाइन्छ (वज्राचार्य, २०५३, पृ. ५९-६०) । नवग्रहहरूमध्ये सूर्य पनि एक भएको हुनाले नवग्रहको पूजा लिच्छविकालदेखि नै हुँदै आइरहेको देखिन्छ । मानिसहरूलाई ग्रहदशा लाग्दा ग्रह शान्त बनाउनको लागि मठ मन्दिरमा जाने, पूजा गर्ने, होम गर्ने गर्दछन् । आफ्नो सङ्कट मोचन गर्न, ग्रह शान्तिको लागि पूजापाठ, व्रत बस्ने तथा मन्दिर र विहारमा गएर दानादि कार्य पनि गर्ने गर्दछन् । धार्मिका विश्वास र आस्थालाई स्वीकार गरिने हुँदा यस क्षेत्रमा सङ्कटा देवताको स्थापना लिच्छविकालदेखि नै भएको स्पष्ट देखिन्छ ।

सङ्कटा मन्दिरको स्थापना लिच्छविकालमा नै भएको हो । सङ्कटा मन्दिरको दक्षिणतर्फको जलद्रोणीको छेउको पर्खालमा उत्तर लिच्छविकालीन अभिलेख छ । उक्त अभिलेखमा मिति उल्लेख छैन तर लिपिको हिसाबले उत्तर लिच्छविकालको अभिलेख रहेको देखिन्छ । उक्त अभिलेखमा प्रियपाल नामक शाक्य भिक्षुले रत्नत्रय (बुद्ध, धर्म र संघ) लाई प्राणीहरूको उपभोगको लागि कुवा र टुटेधारा बनाएको उल्लेख छ । यस परिसरमा लिच्छविकालीन समयदेखि नै हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूले आस्था राख्ने मन्दिर र विहार एउटै परिसरमा रहेको देखिन्छ । मानदेवको पालाको सार्थवाह गुहमित्रले राखेको सूर्यको मूर्ति र प्रियपाल नामक भिक्षुले रत्नत्रयलाई सम्बोधन गरी कुवा र टुटेधारा बनाएको प्रसङ्गलाई विश्लेषण गर्दा लिच्छविकालीन समयदेखि नै यस क्षेत्र हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको लागि महत्त्वपूर्ण धार्मिक स्थल रहेको छ ।

हिन्दू धर्मावलम्बीहरूले ग्रहदशा लाग्दा शनिको पूजा, नवग्रहको पूजा, भगवतीको पूजा गर्ने र बौद्ध धर्मावलम्बीहरूले पनि ग्रहदशा लाग्दा चण्डमहारोषण, अचल, पद्मान्तक भैरवको पूजा गर्ने हुँदा दुवै धर्मावलम्बीहरूको आस्थाको केन्द्र सङ्कटा मन्दिर भएको देखिन्छ । हिन्दू धर्मावलम्बीहरूले आस्था, विश्वास र पूजा गर्ने सूर्यको मूर्ति र बौद्ध धर्मावलम्बीहरूले आस्था र विश्वास गर्ने बौद्ध धर्म र संघलाई सम्बोधन गरेर बनाइएको आधारले यिनै मन्दिरलाई लक्षित गरेर देवीदेवताकै उपासनाका निम्ति यी कुवा र टुटेधारा बनाइएको

स्पष्ट हुन्छ । यसै कारणले गर्दा यस क्षेत्रमा हिन्दू तथा बौद्धहरूको आस्थाको केन्द्रको रूपमा मन्दिर र विहार रहेको पुष्टि हुन्छ ।

टेबहाल परिसरमा लिच्छविकालीन दुईवटा अभिलेख र सातवटा चैत्यहरू रहेका छन् । अभिलेख र चैत्यहरूको आधारमा विश्लेषण गर्दा यस क्षेत्रमा सूर्यको मूर्ति स्थापना गर्नु, कुवा र टुटेधारा बनाएको अभिलेख हुनुले यस स्थल धार्मिक स्थल हो भन्ने कुरालाई पुष्टि गरेका छन् । यस परिसरमा रहेका सातवटा लिच्छविकालीन चैत्यहरूले यस परिसरलाई लिच्छविकालीन समयदेखि नै विहारको रूपमा रहेको कुरालाई अझ बढी प्रमाणित गरिदिएका छन् । यस परिसरभित्र विहार रहेको हुनाले मानिसहरूको चहलपहल हुने हुँदा मानिसहरूलाई पिउनको लागि, मन्दिर र विहारमा आवश्यक पर्ने जलको लागि भनेर प्रियपाल भिक्षुले कुवा र टुटेधारा बनाएको कुरा समेत पुष्टि हुन आउँछ ।

स्थानीय बासिन्दाहरूको विश्वास र किंवदन्तीअनुसार लिच्छविकालीन राजा नरेन्द्रदेव, आचार्य बन्धुदत्त र ललित ज्यापुले कामरूप कामाक्षाबाट मत्स्येन्द्रनाथलाई ललितपुरको बुङ्मतीमा स्थापना गराएपछि राजाले आफ्ना गुरु आचार्य बन्धुदत्तको लागि टेबहाल परिसरमा एउटा विहार बनाएका थिए । हाल उक्त विहारलाई बन्धुदत्त विहार भनिन्छ । बन्धुदत्त विहारभित्र अक्षोभ्य बुद्धको मूर्ति रहेको छ र अक्षोभ्य बुद्धको मूर्तिको अगाडि लिच्छविकालीन सानो एउटा चैत्य रहेको छ । उक्त चैत्यमा गवाक्ष खाली रहेको छ । गवाक्ष खाली भएको चैत्यहरू पाँचौ/छैठौं शताब्दीमा बनेको हुनाले सम्भवतः यस महाविहार परिसरमा पहिले नै विहार भएको हुनुपर्दछ ।

बन्धुदत्त विहारको बाहिर बरण्डामा अलि ठूलो खालको लिच्छविकालीन चैत्य रहेको छ । स्थानीय बासिन्दाहरूको विश्वास, किंवदन्ती र लिच्छविकालीन चैत्यहरूको समयसीमाको विश्लेषण गर्दा लिच्छविकालीन राजा नरेन्द्रदेवको समयावधि सातौं शताब्दीको रहेको र चैत्यहरूलाई विश्लेषण गर्दा चैत्यको गवाक्ष खाली र चिल्लो खालको कालो लेप भएका हुँदा लिच्छविकालीन चैत्यको विशेषतासँग मिल्न जाने हुँदा स्थानीहरूले विश्वास गरेको कुराको पनि पुष्टि हुन आउँछ । लिच्छविकालीन गवाक्ष खाली भएको चैत्यको आधारमा हेर्दा यस परिसर नरेन्द्रदेव भन्दा अगाडि नै बौद्ध तीर्थस्थलको रूपमा विकास भएको छ । अतः बन्धुदत्त विहारको स्थापना लिच्छविकालमै भएको हो ।

लिच्छविकालीन राजा नरेन्द्रदेव र आचार्य बन्धुदत्तले मत्स्येन्द्रनाथलाई ल्याउने क्रममा सङ्कटालाई पनि सँगै ल्याएर यस महाविहार परिसरभित्र स्थापना गरेको कुरा देखिन्छ । माथि उल्लेखित विभिन्न अभिलेखीय प्रमाण, चैत्य, किंवदन्ती र स्थानीयहरूको विश्वासको आधारमा यस महाविहार परिसरमा रहेका राजकीर्ति महाविहार, बन्धुदत्त विहार र सङ्कटा मन्दिरको स्थापना लिच्छविकालमा नै भएको प्रमाणित हुन्छ ।

राजकीर्ति महाविहार परिसरभित्र चन्द्र र सूर्यका मूर्तिहरू छन् । ने.सं. ५८३ (सन् १४६२) मा यक्ष मल्लले सूर्यको मूर्ति राखेको कुरा पादपीठमा उल्लेख छ (Regmi, 1966, p. 78) । उनले पूर्णिमाको व्रत पूरा गरेको हुनाले तेदो विहारमा सूर्यको मूर्ति स्थापना गरिएको कुरा पादपीठमा रहेको अभिलेखमा उल्लेख छ । नवग्रहसहितको सूर्यको मूर्ति राखिएको छ । यस मूर्तिलाई विश्लेषण गर्दा राजा यक्ष मल्लले पूर्णिमाको व्रत सम्पन्न गरेको र नवग्रहहरूलाई पनि पूजा गरेको कुरा यस मूर्तिबाट स्पष्ट हुन आउँछ । राज्यमा सङ्कट, बाधा

नपरोस् भनेर नवग्रहहरूको पूजा गरेको हुन सक्ने अनुमान देखिन्छ । राज्य र आफ्नो ग्रहदशा नलागोस् भनेर सङ्कटा मन्दिर रहेको परिसरमा पूजा गरी सूर्यको मूर्ति स्थापना गरेको अनुमान गर्न सकिन्छ । हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको संगम धार्मिक स्थल भएको हुनाले यस परिसरमा यक्ष मल्लले सूर्यको मूर्ति राखेर धार्मिक सहिष्णुतालाई अझ मजबुत पारेको देखिन्छ ।

हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूले ग्रहदशा शान्त पार्नको लागि नवग्रहको पूजा गर्ने भएको हुँदा यक्ष मल्ल र रत्न मल्लले सूर्य र चन्द्रको मूर्तिलाई यस महाविहार परिसरमा स्थापित गरेर धार्मिक समन्वय समेत गरेको पाइन्छ । तत्कालीन समाज धर्ममा आस्था र विश्वास गर्ने भएको हुँदा मठ, मन्दिर, विहार, चैत्य, मूर्तिहरूको निर्माण र स्थापना एउटै परिसरभित्र हुनुले पनि शासकहरूको दुरदृष्टिलाई समेत बुझ्न सकिन्छ ।

सङ्कटा मन्दिरको वरिपरि रहेका लिच्छविकालीन तथा मल्लकालीन अभिलेखहरूमा शिवलिङ्ग र चैत्यको आकृति बनाइएको हुँदा यो स्थल हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको लागि अत्यन्तै महत्त्वपूर्ण रहेको प्रतीत हुन्छ । हिन्दूहरूले शनि, भगवति र सङ्कट तारिणी देवीको रूपमा तथा बौद्ध धर्मावलम्बीहरूले चण्डमहारोषण, अचलवीर, पद्मान्तक भैरव मानी सङ्कटा मन्दिरमा पूजाआजा गर्ने गर्दछन् । सङ्कट हर्ने देवताको रूपमा दुवै धर्मावलम्बीहरूले पूजा गर्दै आइरहेका छन् । यस मन्दिरलाई धार्मिक सहिष्णुताको लागि अत्यन्तै महत्त्वपूर्ण रूपमा लिन सकिन्छ ।

## सङ्कटा मन्दिरको वास्तुकला

टेबहालको दक्षिण-पश्चिम कुनामा सङ्कटाको आधुनिक ढाँचाको मन्दिर छ । यो मन्दिरको पूर्वरूप अथवा मौलिक रूप कस्तो थियो भन्ने बारेमा जानकारी हुन सकेको छैन । हालको मन्दिर दुईतल्ले घर आकारको छ । समय-समयमा जीर्णोद्धार र रंगरोगन गरिने हुनाले मन्दिरको अवस्था राम्रो देखिन्छ । मुख्य मन्दिरभित्र पूर्वपट्टि भित्तामा टाँसिएको ने.सं. ८३६ (सन् १७१५) को राजा महेन्द्रसिंहको समयको शिलालेखअनुसार त्यस समयमा मन्दिरको जीर्णोद्धार भएको देखिन्छ । त्यस शिलालेखमा *श्री पद्मान्तकाये नमः* भन्ने उल्लेख भएबाट सङ्कटा पद्मान्तक देव हो भनी भन्न सकिन्छ (अमात्य, २०५३, पृ. १७) । काठमाडौँ उपत्यकाका सांस्कृतिक सम्पदाहरूको एकीकृत सूची तयार गर्न गठित उच्चस्तरीय कार्यदल-२०६१ मा उल्लेख भएअनुसार साधारण घर शैलीमा बनेको यो मन्दिर सन् १९३४ मा जीर्णोद्धार भैसकेको र यसको निर्माणकाल सन् १६८३ मानिन्छ (श्री ५ को सरकार, २०६१, पृ. ७६४) ।

सङ्कटा मन्दिर हालसम्मको अवस्थामा आइपुग्दा पटक-पटक जीर्णोद्धार गरिएको देखिन्छ । वि.सं. २०३६ सालको १२ वर्षे जात्राको अवसरमा मन्दिरको पूर्वतर्फको बार्दली भत्काई नयाँ छानो हालेर भक्तजनहरूको लागि प्रसाद ग्रहण स्थल, भजन स्थल बनाइएको थियो । त्यही साल तामाको छानो तथा सानो पित्तलको गजुर पनि हालिएको थियो । मन्दिरको दक्षिणतिरबाट छुट्टै भऱ्याङ निर्माण गरी वैकल्पिक प्रवेशद्वार पनि बनाइएको थियो । आधुनिक निर्माण सामग्रीको प्रयोग र ढाँचाले गर्दा त्यसबेला पुरातत्त्व विभागले आपत्ति जनाएको थियो (बस्नेत, २०५९, पृ. ६१) ।

मन्दिरको पूजा स्थलको अग्र भाग अत्यन्तै साँघुरो भएको र पर्याप्त भेन्टिलेशन नभएको हुँदा धुप बत्ती पनि भित्रै बाल्नुपर्ने भएकाले निस्सासिने समस्या देखा परेको हुँदा पूर्वपट्टिको बार्दली निर्माण गरिएको हुन सक्ने आधार देखिन्छ । पूर्वपट्टिको बार्दलीमा हाल बत्ती बाल्ने, प्रसाद बनाउने आदि कार्यहरू गर्ने गर्दछन् ।

सङ्कटा मन्दिरको भुईं तल्लामा पद्‌मपाणी लोकेश्वरको मूर्ति छ । ढोकाको अगाडि ठूला-ठूला दुईवटा सिंहको मूर्ति राखिएको छ । काठबाट निर्मित ढोका निकै कलात्मक किसिमको छ । ढोकाको दायाँ भागमा तलदेखि माथि क्रमशः कलश, ड्रागन, अष्टमङ्गलका चारवटा चिह्नहरू श्रीवत्स, छत्र, चमर र पद्‌म रहेका छन् भने ढोकाको बायाँ भागमा माथिबाट तलतिर क्रमशः ध्वज, शङ्ख, मत्स्ययुग्म, कलशको आकृति कुँदिएको छ । ढोकाको माथि पञ्चबुद्धको बोधिसत्वहरू बज्रपाणी, रत्नपाणी, पद्‌मपाणी, विश्वपाणी र समन्तभद्रको आकृति बनाइएको छ ।

सङ्कटा मन्दिरको दोस्रो तल्लामा सङ्कटाको मूर्ति रहेको छ । भऱ्याङबाट माथि उक्लिसके पछि बायाँबाट घुम्दै सङ्कटा मन्दिरको प्रवेशद्वारमा पुगिन्छ । प्रवेशद्वारको बायाँपट्टि बत्ती बाल्नको लागि पित्तलको पाला राखिएको छ । ढोका साधारण किसिमको छ । सङ्कटाको मूर्ति रहेको ढोकाको अगाडि बाहिर माथिपट्टि काठको मण्डल छ । बीचमा पित्तलको खड्ग बनाइएको छ भने चारैतिर अष्टमातृकाको आकृति रहेको छ ।

सङ्कटा मन्दिरको छानो तामाको पाताले छाएको छ । छानोमा धातुका पाँचवटा गजुर राखिएका छन् । सङ्कटा मन्दिरमा ने.सं. ७१९ (सन् १५९८) मा हाकुराम, गरुजुरामले सुनले मोलम्बित र ने.सं. ८९७ (सन् १७७६) मा टेबहाल टोल पुखालयताक्षमा बस्ने महर्जन गुणसिं थकाली समेत सीवा खलले गजुर राखेको भनी ताम्रपत्रमा उल्लेख भएको छ (बज्राचार्य, २०५८, पृ. ६१) । बीचको गजुरबाट चारवटा सुनौलो रङको धातुको पताका तोरणको भागसम्म झुण्ड्याइएको छ ।

माथिको छानो अड्याउनको लागि दुवै कोणमा एक-एक र बीचमा चारवटा कलात्मक टुँडालहरू रहेका छन् । तीन शिर र छ हातसहितका पञ्चरक्षादेवी (महाप्रतिसरा, महासहस्रप्रमर्दिनी, महामन्त्रानुसारिणी, महामायुरी, महासशतवनी) को आकृति टुँडालमा बनाइएको छ (खनाल, २०७०, पृ. ९९) ।

सङ्कटा मन्दिरको ढोकामाथि काठको कलात्मक तोरण रहेको छ । तोरणको बीच भागमा गोलाकार मूर्तिफलक छ । मूर्तिफलकमा तीन शिर र छ हात भएको सङ्कटाको आकृति बनाइएको छ । मूर्तिको दायाँ हात क्रमशः तलदेखि माथितिर अभय मुद्रा, केही समातेको भएता पनि आयुध भाँचिएको र खड्ग छ भने बायाँ हात क्रमशः तलदेखि माथितिर घण्टी, पाश र परशु छ । शिरमा मुकुट छ । कानमा कुण्डल, घाँटीमा माला, नाडीमा बाला र अलङ्कारले युक्त मूर्ति छ । मूर्तिको दायाँबायाँ सेविका छन् । तोरणको माथिल्लो भागमा ठूलो आकारमा छेपुको आकृति बनाइएको छ । छेपुको आँखा ठूला-ठूला र मुखाकृति डरलाग्दो छ । छेपुको शिरमाथि अर्धचन्द्र र सूर्यको आकृति छ । चन्द्र सूर्यको आकृतिमाथि ज्वालावली सहितको चोसो परेको मूर्तिफलकमा बुद्धको धर्मचक्र प्रवर्तन मुद्राको सानो आकृति छ ।

## सङ्कटा देवताको प्रतिमालक्षण

साधनामाला सङ्कटालाई चण्डरोषण, महाचण्डरोषण, चण्डमहारोषण र अचल भनी नामाङ्कन गरेको पाइन्छ (Bhattacharyya, 1993, p. 60) । यिनको प्रतिमा हेर्दा बडो भयानक र डरलाग्दो देखिएता पनि यिनलाई 'दुष्टमारविनाश' र 'अहिंसक' भनेर विश्वास गरेको पाइन्छ ।

बज्रयान बौद्ध धर्म तान्त्रिक पद्धतिमा आधारित रहेको छ, जसले गर्दा विभिन्न किसिमका रौद्र एवं सौम्य देवीदेवताको परिकल्पना गरिएको छ । साधनामालामा नीलवर्ण, भूस्पर्श अक्षोभ्यसँग डरलाग्दा र भयङ्कर रूपका देवताहरूको साथै विभिन्न तन्त्रहरू पनि संलग्न भएको देखाइएको पाइन्छ (वज्राचार्य, २०५९, पृ. ४) । अक्षोभ्य बुद्धबाट उत्पन्न भएका देवताहरू चण्डमहारोषण, हेरुक, बुद्धकपाल, संवर, हयग्रीव रक्तयमारी, कृष्णयमारी, जम्भल, उच्छुष्म-जम्भल आदि देवताहरू हुन् (Bhattacharyya, 1924, p. 60) । बौद्ध ग्रन्थ साधनमालाअनुसार पञ्चध्यानी बुद्ध मध्ये अक्षोभ्य बुद्धबाट उत्पन्न वा प्रादुर्भाव भएका पुरुष देवताहरूमा जम्भल बाहेक अरू सबै देवताहरूको मुखाकृति डरलाग्दा र भयानक रूपमा देखाइएको छ (वज्राचार्य, २०५९, पृ. ६) ।

यी देवताहरूलाई प्रतिमाहरूमा निलो वर्ण, विकट मुखमण्डल भएका, त्रिनेत्रधारी, तीक्ष्ण स्वभाव भएका, जिब्रो बाहिर निकालिएका, मुण्डमालाधारी, बाघको छाला बेरेका, गलामा सर्पको माला धारण गरेको देवताको रूपमा देखाउने चलन छ (Bhattacharyya, 1924, p. 60) । नेपालमा यी देवताहरूलाई तान्त्रिक देवताको रूपमा पूजा गर्ने गरिन्छ । उल्लेखित देवताहरूलाई विभिन्न बहालहरूमा स्थापना गरेर तान्त्रिक विधिविधानअनुसार पूजा गरेको पाइन्छ ।

सङ्कटाको मन्दिर माथिल्लो तल्लामा छ । सङ्कटाको मूर्तिको माथि धातुको ठूलो छाता जस्तो मण्डल बनाइएको छ । सङ्कटाको मूर्ति कृष्ण वर्णको छ । घाँटीदेखि तल खुट्टा सम्मको भाग बुट्टा भएको नीलो वस्त्र लगाइएको छ । सङ्कटाको मूर्तिमा माथितिर दुई हात देखिएका छन् । दायाँ हातमा खड्ग र बायाँ हातमा पद्म छ । दुवै हातको नाडीमा मोटो खालको बाला लगाइएको छ । शिरमा सुन र चाँदीको मुकुट रहेको छ । कानमा बाहिरबाट सुनको कुण्डल लगाइएको छ भने कानमा रत्नसहितको चाँदीको कुण्डल छ । घाँटीको भागमा छाता आकारको चाँदीको ठूलो पाता छ । निधारमा चाँदीको टीका छ । दुईवटा आँखा चाँदीको बनाइएको छ ।

सङ्कटाको मुकुट कलात्मक छ । यो सुनले बनाइएको हो । यसमा चन्द्र अङ्कित पाता रहेको छ । सङ्कटाको मुकुटमा सानो-सानो पाँचवटा खप्परको आकृति कुँदिएको छ । मुकुटमा रहेको चाँदीको पातामा चन्द्र, सूर्य आदि विभिन्न बुट्टा कुँदिएको छ । सङ्कटाको घाँटीमा धातुको नागको माला छ । सङ्कटाको मूर्तिको ठीक अगाडि भक्तजनहरूको स्पर्शको लागि नौ वटा टाउको भएको नागको छत्र ओढाइएको सिंहासनमा सङ्कटाको सानो चाँदीको पाउ राखिएको छ ।

साधनामाला विधानका आधारमा सङ्कटा देवताको प्रतिमालक्षण हेर्दा उनी हिन्दू देवीदेवता शनि, भगवती, सङ्कट तारिणी देवीको रूपमा नभई बौद्ध धर्मअन्तर्गतका देवता हुन् । सङ्कटा मन्दिरमा रहेका देवता उठिरहेको, सङ्कटाको मूर्तिको माथि चन्द्र र सूर्य रहेको, आयुधको रूपमा दायाँ हातमा खड्ग तथा बायाँ हातमा पद्म छ । घाँटीमा धातुको नागको माला र मुकुटमा पाँचवटा खप्परको आकृति कुँदिएको हुँदा मन्दिरमा रहेका

देवता बज्रयानी बौद्ध धर्मअन्तर्गतका रौद्र देवता हुन् । पुरातत्त्व विभागका अनुसार अचलवीर, सङ्कटा मन्दिरको *गुर्जु* अनुसार पद्मान्तक भैरव र साधनामाला विधानका आधारमा यी देवता चण्डमहारोषण हुन् ।

## सङ्कटा मन्दिरको अमूर्त संस्कृति

युनेस्कोले अमूर्त सांस्कृतिक सम्पदाको संवाहकको रूपमा भाषा सहितका मौखिक परम्पराहरू तथा अभिव्यक्तिहरू, अभिनय कलाहरू, सामाजिक व्यवहारहरू, अनुष्ठानहरू तथा चाडपर्वका उत्सवहरू, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू, परम्परागत कलाकौशलताको विधाहरूअन्तर्गत समेटेको छ (नेपाल सरकार, २०७६, पृ. ९) ।

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट स्वीकृत भएको अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ मा अभौतिक सांस्कृतिक सम्पदा भन्नाले नेपालमा परम्परागत रूपमा बसोबास गर्दै आएका जातीय समुदायका एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण हुँदै तथा अभ्यास भई आएका मौखिक परम्परा तथा अभिव्यक्ति, अभिनय तथा मञ्चन कला, सामाजिक व्यवहार, अनुष्ठान, जात्रापर्वहरू, प्रकृति एवं ब्रह्माण्डसम्बन्धी ज्ञान, परम्परागत कलाकौशल, उत्पादन गर्ने सीप र प्रविधि, परम्परागत खेल, खाद्य परिकारका सीप, पहिरन लगायत आभूषणसम्बन्धी ज्ञान, सम्पदा अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल, स्मरणमा रहेका तर अभ्यासमा नरहेका अमूर्त सांस्कृतिक सम्पदाका विधाहरू समेतलाई सम्झनु पर्दछ (नेपाल सरकार, २०८१, पृ. २-३) । यस अध्ययनको उद्देश्य परिपूर्ति हेतु सङ्कटा मन्दिरसँग जोडिएका अमूर्त पक्षहरू तल उल्लेख गरिएको छ ।

## नित्य पूजा

नेपालको बज्रयानी बौद्ध धर्ममा असाध्यै प्रचलित तथा लोकप्रसिद्ध बौद्ध अभ्यासको एक स्वरूप “पूजा” हो । पूजालाई बज्रयानको एकमात्र स्वरूप मान्नेहरू पनि धेरै छन् । बज्रयानको क्रिया नै नेपालमण्डलको बज्रयानी समाजमा “पूजा” शब्दले प्रसिद्ध भएको हो (बज्राचार्य, २०६९, पृ. ९१) । नेपालमण्डलको बज्रयानी समाजमा प्रत्येक दिन सबेरै विहार, मन्दिर, देवस्थल तथा घरघरमा पूजा गर्दछन् । आ-आफ्ना सङ्घको परम्पराअनुसार विहार तथा देवस्थलहरूमा नित्य पूजा हुने गर्दछ ।

सङ्कटा मन्दिरमा बज्राचार्यहरूबाट नित्य पूजा हुँदै आइरहेको छ । यस मन्दिरमा नित्य पूजा, नैमित्तिक पूजा, भाकल पूजा, *बुसाधँ* (वर्ष बन्धन) पूजा हुने गर्दछ । प्रत्येक दिन बिहान र साँझ नित्य पूजा गर्ने पुजारीहरू बज्राचार्य समुदायका छन् । *गुर्जु* विश्वविजय रत्न बज्राचार्यसँग लिएको अन्तर्वार्ताअनुसार नित्य पूजा कहिलेदेखि सुरु भएको भन्ने स्पष्ट जानकारी हुन नसकेता पनि बन्धुदत्तले यस परिसरमा सङ्कटालाई स्थापना गरिसकेपछि पूजा हुँदै आएको हो । बज्राचार्य समुदायका मानिसहरूले हाल पन्ध्र/पन्ध्र दिनको पालो गरी मन्दिर परिसरमा रहेर बिहान र साँझ सम्पन्न गर्नुपर्ने पूजाको कार्य गर्ने र भक्तजनहरूलाई मन्दिरमा हुने पूजाकार्यमा सहयोग पुऱ्याउँदै आएका छन् । हाल व्रतबन्ध गरेका पुजारीहरू २० जना छन् । प्रमुख पुजारीलाई चक्रेश्वर भनी सम्बोधन गर्दछन् । हाल चक्रेश्वरको रूपमा मोतीकाजी बज्राचार्य रहेका छन् (व्यक्तिगत अन्तर्वार्ता, *गुर्जु,* विश्वविजय रत्न बज्राचार्य, २०८२-४-२९) ।

नित्य पूजा गर्ने *गुर्जु*हरू बिहानै तीनदेखि चार बजेको बीचमा सबेरै नित्यकर्म, स्नान गरेर, देवतालाई स्नान गराएर मन्दिरमा बत्ती बाल्ने गर्दछन् । यसपछि देवतालाई जगाउने क्रममा पालो पर्ने *गुर्जु*ले राजकीर्ति महाविहार अगाडिको मण्डपमा उभिएर धर्मगण्डीमा गंसीले बजाएर १०८ पल्ट मन्त्र उच्चारण गर्ने र अक्षोभ्य बुद्धको आरती गरेर देवतालाई जगाउने कार्य गर्दछन् । त्यसपछि मात्र सङ्कटा मन्दिरमा गएर देवता जगाउने कार्य गर्दछन् । सङ्कटामा देवता जगाएपछि तान्त्रिक पूजा गर्ने गर्दछन्, तान्त्रिक पूजा गर्दा कोही पनि जानु हुँदैन र तान्त्रिक पूजाको बारेमा भन्न पनि हुँदैन । तान्त्रिक पूजा गोप्य पूजा भएको हुनाले यसको बारेमा अरूलाई देखाउन र सुनाउन हुँदैन । तान्त्रिक विधिले पूजा गर्दा कसरी पूजा गर्दछन् र के के पूजा सामग्रीहरू प्रयोग गर्दछन् भन्ने कुरा खुलाउन नहुने भनेर अन्तर्वार्ताको क्रममा चक्रेश्वर मोतीकाजी बज्राचार्यले जानकारी गराएका छन् (व्यक्तिगत अन्तर्वार्ता चक्रेश्वर, मोतीकाजी बज्राचार्य, २०८२-४-२२) । सङ्कटा मन्दिरमा धूप, फूल, अक्षता, टीका जस्ता वस्तुहरू चढाई पूजा गर्ने गर्दछन् ।

सङ्कटा मन्दिरमा माथिल्लो तल्लामा रहेको सङ्कटाको पूजा बज्रयानी बौद्ध धर्मअन्तर्गत रहेर तान्त्रिक विधिबाट हुने गर्दछ भने तल्लो तल्लामा रहेका पद्मपाणी लोकेश्वरमा धुप, बत्ती, अक्षता, टीका जस्ता वस्तुहरू चढाई देवता जगाउने कार्य गर्दछन् । त्यसपछि, सङ्कटा मन्दिरको माथिल्लो तल्लामा रहेका सङ्कटा र तल्लो तल्लामा रहेका पद्मपाणी लोकेश्वरमा पूजा गर्न भक्तजनहरूलाई खुल्ला हुने गर्दछ । सङ्कटालाई भक्तजनहरूले ढोका बाहिरबाटै दर्शन गर्ने र *गुर्जु*ले पूजा गरिदिने गर्दछन् । साँझमा पूजा गर्ने क्रममा घण्ट बजाउँदै, धुपबत्ती बालेर बहालभरि नाङ्गो खुट्टाले परिक्रमा गरेर पूजा गर्ने गर्दछन् ।

## नैमित्तिक पूजा

हरेक वर्ष कुनै विशेष दिनमा विशेष तरिकाले पूजा गर्ने पद्धतिलाई नैमित्तिक पूजा भनिन्छ । यो पूजा वर्षभरि नै विभिन्न पर्वका नामबाट हुने गर्दछ । नेपालमण्डलको बज्रयानी समाजमा मनाइने चाडपर्वहरू कुनै बौद्ध धर्मको पृष्ठभूमिमा आधारित छन् । कुनै हिन्दू पृष्ठभूमिमा आधारित रहेका छन् । बौद्ध धर्ममा आधारित बौद्ध चाडपर्वहरू बौद्ध विधिअनुसार मनाइन्छन् । केही हिन्दू चाडपर्वहरू भने बौद्ध मान्यताभित्र बसेर बौद्ध विधिअनुसार मनाउने गर्दछन् (बज्राचार्य, २०६९, पृ. ९६) ।

## *बुसाधँ* (वर्ष बन्धन) पूजा

नैमित्तिक पूजा गर्ने क्रममा वैशाख कृष्ण चौथीका दिन बन्धुदत्त विहार (*मुगः:द्यो*), राजकीर्ति महाविहार (*क्वापाद्यो*) र सङ्कटा मन्दिरको माथिल्लो तल्ला देवता भएको अगाडि तान्त्रिक विधिअनुसार हुने गर्दछ । तान्त्रिक विधिअनुसार पूजा गर्दा सुरुमा *मुगः:द्यो* को ढोका अगाडि बरण्डामा जग्गे बनाएर होम गर्ने गर्दछन् । होम गर्ने बेला ३२ वटा तामाको पालामा विभिन्न अन्नहरू राखेर होम गर्ने गर्दछन् । उक्त ३२ वटा तामाको पालामा धान, चामल, दाल, आलु, चिउरा, कालो भटमास, अदुवा, रक्सी, जाँड, मासु आदि राखेर होम गर्दछन् । तान्त्रिक विधिले पूजा गर्दा तीनदेखि चार घण्टासम्म समय लाग्ने गर्दछ (व्यक्तिगत अन्तर्वार्ता, *गुर्जु*, विश्वविजय रत्न बज्राचार्य, २०८२-४-२९) ।

*मुगः:द्यो* मा तान्त्रिक विधिपूर्वक होम गरेर सकेपछि राजकीर्ति महाविहार (*क्वापाद्यो*) अगाडि पनि *मुगः:द्यो*मा जस्तै एकैप्रकारले तान्त्रिक विधिद्वारा होम गर्ने गर्दछन् । अन्तिममा तान्त्रिक पूजा विधिअनुसार सङ्कटा

मूर्तिको अगाडि पूजा गर्ने र चर्या गीत गाउने गर्दछन् । *मुगःद्यो* र *क्वापाद्यो* को तान्त्रिक विधिबाट पूजा र होम गर्दा सर्वसाधारणले हेर्न मिल्दछ । सङ्कटा मन्दिरभित्र गरिने पूजा र चर्या गीत गाउँदा हेर्न मिल्दैन । अति नै गोप्य तरिकाले तान्त्रिक विधिबाट पूजा हुने गर्दछ (व्यक्तिगत अन्तर्वार्ता, *गुर्जु*, विश्वविजय रत्न बज्राचार्य, २०८२-४-२९) । ने.सं. ५८२ (सन् १४६१) को ताम्रपत्रमा टेबहालमा अरु कसैले होम यज्ञ गर्न पाउँदैन । होम गरे देवताको कुदृष्टि लाग्नेछ भनी उल्लेख गरिएको छ (बज्राचार्य, २०५८, पृ. ६१) ।

तान्त्रिक विधिबाट वैशाख कृष्ण चौथीका दिन बन्धुदत्त विहार (*मुगःद्यो*), राजकीर्ति महाविहार (क्वापाद्यो) अगाडि तान्त्रिक विधिबाट होम र सङ्कटा मन्दिरमा पूजासहित चर्या गीत गाउनुको कारण भनेको सङ्कटा मन्दिरको *बुसाधँ* (वर्षबन्धन) पूजा गर्नु हो । *बुसाधँ* पूजा भनेको वर्षको एकपल्ट मन्दिर स्थापना गरेको दिनमा मन्दिर सरसफाई, होम, पूजा आदि गरेर मन्दिरको जन्मदिवस मनाउने हो । तर सङ्कटा मन्दिरमा वर्षको दुई पटक *बुसाधँ* पूजा गर्ने गरिन्छ । वैशाख कृष्ण चौथीका दिन र माघ कृष्ण सप्तमीदेखि दशमीसम्म सङ्कटाको *बुसाधँ* पूजा गर्ने गरिन्छ (व्यक्तिगत अन्तर्वार्ता, चक्रेश्वर, मोतीकाजी बज्राचार्य, २०८२-४-२२) । दुवै पटक तान्त्रिक विधिद्वारा होम आदि पूजा गरेर सङ्कटामा चर्या गीत सहित पूजा गर्ने गर्दछन् ।

सङ्कटा मन्दिरमा *बुसाधँ* पूजा गर्दा १२/१३ वटा चर्या गीत सहित तान्त्रिक पूजा गर्दछन् । चर्या गीत गुर्जुहरूले गाउने गर्दछन् । सङ्कटाको *बुसाधँ* पूजा गर्दा वर्षको एकपटक मुख्य इनारबाट पानी लिई गर्ने चलन रहेको छ । *बुसाधँ* पूजा गर्दा *गुर्जु*हरू र दीक्षा लिएका पुरुषहरू मात्र बस्न पाउँदछन् । अरु मानिसहरू मन्दिरमा जान पाउँदैनन् । चक्रेश्वर मोतीकाजी बज्राचार्यका अनुसार दुई पटक *बुसाधँ* पूजा गर्नुको कारण पहिलेदेखि नै निरन्तर रूपमा चलिआएको हुनाले हालसम्म पनि यो प्रचलन कायम रहेको छ (व्यक्तिगत अन्तर्वार्ता, चक्रेश्वर, मोतीकाजी बज्राचार्य, २०८२-४-२२) ।

### *स्वांछ्वा* पूजा

वैशाख शुक्ल *स्वांयापुन्ही*का दिन सङ्कटा मन्दिरमा चर्या गीतका साथ *स्वांछ्वा* पूजा गर्ने गर्दछन् । बुद्ध पूर्णिमाको दिन सङ्कटा देवताको अगाडि बसेर तान्त्रिक गुह्य पूजा गर्दछन् । १२/१३ वटा चर्या गीतसहित तान्त्रिक पूजा गर्दछन् । *स्वांछ्वा* पूजा भनेको मुठा-मुठा फूलमालामा तान्त्रिक विधिअनुसार पूजा गरेर चढाइन्छ । फूलमालामा तान्त्रिक विधिअनुसार पूजा गर्दा तीनदेखि चार घण्टा लाग्ने गर्दछ । *स्वांछ्वा* पूजामा विशेष रूपमा बुद्ध पूर्णिमाको अवसरमा तान्त्रिक पूजा गरिन्छ । यो परम्परा अहिलेसम्म पनि यथावत् रूपमा चलिरहेको छ (व्यक्तिगत अन्तर्वार्ता, प्रचण्ड शिखाकार, गुंला बाजा खलः अध्यक्ष, २०८२-४-८) ।

### नाग पूजा

जेष्ठ शुक्ल *कुमारषष्ठी*का दिन इनार सफा गरी नाग पूजा गर्दछन् । *सिथि नखः*को दिनमा टेबहाल परिसरमा रहेका सातवटा इनार सफा गरेर नाग पूजा गर्दछन् । नाग पूजामा *पुई हायेगु* पूजा गरिन्छ । केराको पातमा दही, दूध राखेर नौ वटा *पुई* बनाएर सातवटा इनारमा पूजा गर्दछन् । *सिथि नखः* पर्वका दिन आफ्नो टोल वरपर रहेका पानीका परम्परागत स्रोत इनार, कुवा, पोखरी, ढुङ्गेधारा आदिको सरसफाई गर्ने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, विष्णुमाया महर्जन, स्थानीय, २०८२-३-१५) ।

## सङ्कटा मन्दिरको गजुरलाई मान्द्रोले छोप्ने

आषाढ कृष्ण भलभल अष्टमीका दिन सङ्कटा मन्दिरको छानोमा रहेका पाँचवटा गजुरलाई मान्द्रोले छोपी *पुलुं खुइगु* पर्व पूजा गर्दछन् । विधिपूर्वक पूजा गरेर मान्द्रोले गजुरलाई छोप्ने गर्दछन् । स्वयम्भू, बौद्ध, नःघ र सङ्कटामा गरी चार ठाउँमा मान्द्रोले गजुर छोप्ने गर्दछन् । चक्रेश्वर मोतीकाजी बज्राचार्यका अनुसार वर्षायाममा सुनले मोलम्बित गरेको गजुरलाई हानी हुन सक्ने हुनाले मान्द्रोले छोपेरे राखिएको हो । आश्विन शुक्ल महाअष्टमीका दिन विधिपूर्वक पूजा गरेर गजुरको मान्द्रो निकाल्दछन् । महाअष्टमीको दिन भव्य तरिकाले तान्त्रिक विधिबाट पूजा हुने गर्दछ । विगतमा उक्त दिन राजाको सवारी हुने गर्दथ्यो । दुई वर्षअघिसम्म राष्ट्र प्रमुख आउने गर्दथे तर दुई वर्षदेखि राष्ट्र प्रमुख आएका छैनन् (व्यक्तिगत अन्तर्वार्ता, चक्रेश्वर, मोतीकाजी बज्राचार्य, २०८२-४-२२) ।

## *दिशी* पूजा

आषाढ *कृष्ण नक्वादिशी*का दिन *आगम*मा *दिशीपूजा* र पर्वपूजा चर्या गीतका साथ गर्ने गर्दछन् । आषाढ *कृष्ण भलभल अष्टमी*को पर्सीपल्ट भद्रकाली देवघरको पूर्वपट्टि आवासीय घरहरूको बीचमा एउटा पुरानो खालको घर रहेको छ, त्यसलाई बज्राचार्यहरूले *आगम* घर भन्ने गर्दछन् । उक्त *आगम* घरमा १२/१३ वटा चर्या गीत गाएर विधिपूर्वक तान्त्रिक पूजा गर्दछन्, यसलाई *दिशीपूजा* भनिन्छ । *गुर्जु* विश्वविजय रत्न बज्राचार्यका अनुसार *दिशीपूजा*मा पूजा विधि कस्तो हुन्छ? र के के सामग्री प्रयोग हुन्छ? भन्ने कुरा तान्त्रिक पूजा भएको हुनाले गोप्य राखिन्छ । आषाढ कृष्ण पक्षको दिन सङ्कटा मन्दिरको गजुर मान्द्रोले छोपेको पर्सीपल्ट आगम घरमा *दिशीपूजा* गर्दछन् । *दिशीपूजा* हरेक वर्ष गर्ने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, *गुर्जु*, विश्वविजय रत्न बज्राचार्य, २०८२-४-२९) ।

## *गथांमुग*

श्रावण कृष्ण *गथांमुगः चह्रे*का दिन नरकटको प्रतिमा बनाई बागमतीमा सेलाउन लैजाने र तत्पश्चात् सङ्कटाको मन्दिरबाहिर छ्वाली बाली टेबहालबाहिर दुईतर्फ फाल्न लैजाने गर्दछन् । *गथांमुगः*को दिनमा मन्दिरमा पर्ने *गुर्जु*ले विधिपूर्वक छ्वाली बालेर बागमती नदीमा फाल्न लैजान्छ । छ्वाली फाले पश्चात् टेबहाल परिसरमा पालो पर्ने *गुर्जु*ले घण्ट बजाउँदै अगाडि हिंड्छन्, अन्य मानिसले *चोकावजी* छर्कदै जान्छन् । त्यसपछि फेरि छ्वाली बालेर पूजा गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, रञ्जन शिखाकार, गुंला बाजा खलः सदस्य, २०८२-४-८) ।

## *गुन्हुपुन्ही*

जनैपूर्णिमाको दिन नेवार समुदायमा *'गुन्हुपुन्ही'* मनाइन्छ । श्रावण शुक्ल पक्षको दिन यो पर्व मनाइने गरिन्छ । यस दिन टुसा पलाएका सिमी, केराउ, बोडी, मुगी लगायत ९ प्रकारका गेडागुडी भिजाएर त्यसलाई *क्वाँटी* बनाएर खाने गरिन्छ । काठमाडौं उपत्यकाका नेवार समुदायले भ्यागुतालाई भात खुवाएर यो पर्व मनाउने गर्दछन् । भ्यागुतालाई भात खुवाउने पर्वमा फर्सिको पातमा रोटी, रोटीमा काँचो *क्वाँटी* राखेर टेबहाल परिसरमा रहेका सातवटा इनारमा हालिदिन्छन् । यो दिन इनारमा पूजा गरेर भ्यागुतालाई भात खुवाउने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, विष्णुमाया महर्जन, स्थानीय, २०८२-३-१५) ।

## घटस्थापना

आश्विन शुक्ल प्रतिपदा घटस्थापनाका दिन सङ्कटा मन्दिरमा विधिपूर्वक तान्त्रिक पूजा गरेर जमरा राख्दछन् । तान्त्रिक पूजा गोप्य हुने हुनाले के-कस्ता पूजा सामग्रीको प्रयोग हुन्छ भन्ने बारेमा सूचना पाउन सकिएन । नवरात्रीभरि टीकाको दिनसम्म सङ्कटामा बत्ती बाली पूजा गर्दछन् ।

## सङ्कटामा गजूरको मान्द्रो निकाल्ने

आषाढ कृष्ण *भलभल अष्टमी*का दिन सङ्कटा मन्दिरको छानोमा रहेका पाँचवटा गजुरलाई मान्द्रोले छोपी राखेकोलाई आश्विन शुक्ल महाअष्टमीको दिन विधिपूर्वक तान्त्रिक पूजा गरेर गजुरबाट मान्द्रो निकालिन्छ । मान्द्रो निकालेपछि सङ्कटाको मन्दिरमा पर्व पूजा हुने गर्दछ । पर्व पूजा हुने बेला मन्दिरमा कोही पनि जान पाउँदैन । तान्त्रिक पूजा हुने भएकाले पूजाविधि हेर्न हुँदैन (व्यक्तिगत अन्तर्वार्ता, चक्रेश्वर, मोतीकाजी बज्राचार्य, २०८२-४-२२) ।

## *मिलापुन्ही* पूजा

पौष शुक्ल *मिलापुन्ही*को राती टेबहालमा मानिसको शिरभन्दा माथिसम्म पुग्ने गरी काठको कप्टेरा राखी होम गर्दछन् । सङ्कटा मन्दिरको अगाडि रहेको यज्ञकुण्डमा काठको कप्टेरा राखेर तान्त्रिक विधिद्वारा होम गर्ने गरिन्छ । ६/७ फुटको काठको कप्टेरा बनाई पूजा गर्ने पर्वलाई *मिलापुन्ही* भनिन्छ । पूजा गरेर सकेपछि भटमास र रातो मूला होममा छोएर सबैलाई प्रसादको रूपमा बाँड्ने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, *गुर्जु*, विश्वविजय रत्न बज्राचार्य, २०८२-४-२९) ।

## महावली पूजा

फाल्गुन कृष्ण पञ्चमीदेखी नवमीसम्म निमन्त्रणा पूजादेखि, होमादि र महावली पूजा हुने गर्दछ । महावली पूजा तान्त्रिक पूजा भएको हुनाले दीक्षा लिएका पुजारीले मात्र गर्दछन् । यो पूजा अत्यन्तै गोप्य भएको हुनाले रातीमा गर्दछन् । पाँच दिन पाँच रातसम्म तान्त्रिक पूजा गर्दछन् । राती महावली पूजा सकिएपछि अष्टमीको रातमा टक्सारभित्र पनि डमरु बजाई बली चढाई खिचापोखरी नछेगल्ली भै पुनः टेबहालभित्र आई *मोतिगा*मा बाँकी रहेको बली सबै फाल्ने गरिन्छ (व्यक्तिगत अन्तर्वार्ता, *गुर्जु*, विश्वविजय रत्न बज्राचार्य, २०८२-४-२९) ।

## शनिबारे तथा भाकल पूजा

हरेक हप्ता शनिबारको दिन सङ्कटा मन्दिरमा भक्तजनहरूको ठूलो भिड लाग्ने गर्दछ। भक्तजनहरूसँगको अन्तर्वार्ताको क्रममा ग्रहदशा शान्त पार्नको लागि पूजा गर्न आएको कुरा जानकारी पाइएको थियो । हिन्दू तथा बौद्ध धर्मावलम्बीहरू शनिबारको दिन सङ्कटा देवताको दर्शन गर्न एवं पूजा गर्न आउने गर्दछन् । हिन्दू धर्मावलम्बीहरूले सङ्कटा देवतालाई शनि, भगवती, सङ्कट तारिणी देवीको रूपमा तथा बौद्ध धर्मावलम्बीहरूले चण्डमहारोषण, अचल, पद्मान्तक भैरवको रूपमा सङ्कटा देवतालाई सङ्कट हर्ने, ग्रहदशा शान्त पार्ने देवताको रूपमा पुज्दै आइरहेका छन् (व्यक्तिगत अन्तर्वार्ता, कान्छा महर्जन, भक्तजन, २०८२-४-२९) । आफ्नो जन्मदिनमा

पाठ गराउन तथा आफूले भाकल गरेर कामना गरेको काम सिद्धि हुँदा भक्तजनहरू भाकल पूजा गर्न आउने गर्दछन् । गुर्जुलाई पाठ गराएर भाकल पूजा गर्ने गर्दछन् ।

विशेष पूजाको लागि पनि भक्तजनहरू आउने गर्दछन् । विशेष पूजाअन्तर्गत पात्रो पूजा पनि एक हो । यस पूजामा भक्तजनले आफ्नो विशेष उद्देश्य पूजाअगावै गुर्जुलाई जानकारी गराउन पनि सक्दछन् । सोहीअनुरूप *गुर्जु*ले समयानुकूल पारेर भक्तजनकै अगाडि करिब ३५-४५ मिनेट छुट्टै समय दिएर सङ्कटाको पूजा गर्दछन् (Thapa, 2017, p. 124) । यो पूजा भक्तजनको कुनै कार्य सफलताको कामनाभाव, सङ्कट हरण, सङ्कट मोचन जस्ता विशेष उद्देश्यसँग सम्बन्धित रहेर पनि गरिने हुनाले पात्रो पूजाको विधि विशेष रहेको हुन्छ । पात्रो पूजालाई नेपाल भाषामा *पात्र थनेगु* भनिन्छ ।

## सङ्कटाको बाह्रवर्षे जात्रा

कटुवालदह स्थित सङ्कटालाई राखिएको स्थानबाट हरेक १२ वर्षमा तान्त्रिक साधना गरी सङ्कटा र वरुणको कलशलाई टेबहाल स्थित सङ्कटा मन्दिरमा प्रवेश गराउने कार्यलाई सङ्कटाको १२ वर्षे मेला भन्दछन् ।

सङ्कटालाई कलशमा साधना गरी ल्याउन कटुवालदह जानुभन्दा अघिल्लो दिन सङ्कटाको मुकुट एवं गरगहनाहरू सफा गरी पुनः गहनाहरू सङ्कटालाई पहिऱ्याउने कार्य गरिन्छ । त्यसपछि सङ्कटाको दर्शन गर्न नहुने गरी मन्दिरको ढोका झ्याल सबैतिर बन्द गरिने परम्परा छ (व्यक्तिगत अन्तर्वार्ता, *गुर्जु*, विश्वविजय रत्न बज्राचार्य, २०८२-४-२९) । कुनै व्यक्ति वा परिवार *पात्र* भर्ने क्रममा त्यहाँ आएमा पालो पर्ने *गुर्जु* एक्लै भित्र गई सो कार्य सम्पन्न गरी प्रसाद दिने तर न्यास झिकिसकेको हुँदा देवमन्दिरभित्र घण्ट बजाउँदैनन् (मानन्धर, २०५१, पृ. ८२) ।

षष्ठीको दिन सूर्योदय नहुँदै बिहानै चूडाकर्म गरेका *गुर्जुहरू*ले कलशादि पूजा सामग्री, खाद्य सामग्री र सङ्कटाले पहिरिएको पुराना *ल्हागा वस्त्र*, दशक्रोध देवताका *धकिंहरू* साथ लिई काठमाडौं टेबहालबाट कटुवालदहतर्फ प्रस्थान गर्दछन् । सप्तमीको दिन चक्रेश्वरले मन्त्रोच्चारणका साथै घण्ट बजाई सङ्कटालाई शङ्खद्वारा अर्घ दिने गर्दछन् । कटुवालदहमा *गुर्जुहरू*ले नाग पूजा पनि गर्ने गर्दछन् (बज्राचार्य, २०५९, पृ. ३९-४०) । सबै *गुर्जुहरू*ले सङ्कटाका पुराना *ल्हागा वस्त्र धकिंहरू* दहको पानीमा सेलाउने गर्दछन् ।

मूलाचार्यको मन्त्रोच्चारण र घण्ट वादनसँगै क्रमानुसारका दोस्रो र तेस्रो पुजारीले दुवै कलशमा निर्मल जल दहबाट निकाल्ने गर्दछन् । कटुवालदहका मन्दिर रेखदेख गर्ने स्थानीयले आफूले देखेको कुरा अनुसन्धानकर्तालाई दिएको जानकारीअनुसार सङ्कटाको पाँच औंला सहितको हातको पञ्जा राखेको शिलामा तान्त्रिक पूजा गरेर लामो डोरो बाँधेर डोरो सहित दहमा जाने गर्दछन् । दुवै कलशमा दहबाट पानी भर्दा "हाम्रो देवता आउनुभयो ! हाम्रो देवता आउनुभयो !" भनी खुशी व्यक्त गर्दछन् । जल भरिएको दुवै कलश माथि मण्डपमा ल्याएर राख्दछन् (व्यक्तिगत अन्तर्वार्ता, पुजारी, आशाराम तामाङ, २०८२-०४-१०) । मण्डलमा अष्टदल पद्म लेखि दुवै कलश र अन्य पूजा सामग्रीका साथ विधिपूर्वक यथास्थानमा स्थापना गर्दछन् । चक्रेश्वरबाट तान्त्रिक विधिअनुसार गुह्य पूजा गरी सङ्कटा एवं वरुण देवतालाई आह्वान गरी दुवै कलशमा प्रवेश गराउँदछन् ।

कटुवालदहबाट टौदहमा आएपछि *गुर्जुहरू*ले नाग पूजा गर्दछन् । टौदहमा *गुर्जुले* मन्त्र वाचनका साथ कर्कोटक नागको पूजा गरी दुवै कलशमा दोस्रो *गुर्जु*बाट जल राख्ने कार्य गर्दछन् । टौदहको पूजा विधि सकेर साँझ चोभार जलविनायक मन्दिर प्राङ्गणको बायाँपट्टि सत्तलमा सङ्कटा र वरुण देवता प्रवेश भएको दुवै कलशलाई अष्टदल पद्म लेखि राख्दछन् । बेलुका मूलाचार्यले पूजा सामग्री विधिवत् रूपमा स्थापना गरी तान्त्रिक गुह्य पूजाको आरम्भ गरिन्छ (व्यक्तिगत अन्तर्वार्ता, चक्रेश्वर मोतीकाजी बज्राचार्य, २०८२-०४-२२) । भोलि बिहान सङ्कटा एवम् वरुण देवताको कलश र अरू पूजा सामग्री विधिवत् स्थापना गरी मूलाचार्यबाट सङ्कटाको पूजा शुभारम्भ गर्दछन् । नदिमा गई *पुइँह्यायेगु* पूजा गर्ने परम्परा छ । जलविनायकलाई पनि एक भाग पूजा पठाइने गर्दछन् (बज्राचार्य, २०५९, पृ. ४१) ।

जलविनायकबाट चक्रेश्वर र अन्य क्रमानुसार सात, आठ जना *गुर्जुहरू* ललितपुर सानेपातिर कलश लिएर जान्छन् । अन्य *गुर्जुहरू* काठमाडौँ टेबहालमा सङ्कटालाई सजाउने सुन, चाँदीका गहना पूजा सामग्री लिन जान्छन् । सानेपा मण्डलमा नवनिर्मित एउटा सुन्दर खालको खटमा सङ्कटा र वरुणको कलशलाई बिसाउने गर्दछन् । सङ्कटा प्रवेश गराइएको कलशमा पञ्चसूत्र बेरी दृष्टि प्रदान गर्नुको साथै *किकिम्पा, हृदयफो, नरशिलमाला,* मुकुटजस्ता विभिन्न सुनचाँदीका रत्न जडित गहनाहरूले शोभायमान गर्दै पुष्पगुच्छा र मालाले सजाउँदछन् (व्यक्तिगत अन्तर्वार्ता, गुर्जु, विश्वविजय रत्न बज्राचार्य, २०८२-४-२९) ।

टेबहालबाट पूजासामग्री लिई शिख्राकार, डंगोल, महर्जनहरू आउँदछन् । सांस्कृतिक, परम्परागत बाजाहरू, पञ्चताल वाद्य (*पयंताः*), *धिमे, नायखिं, दाफा,* बाँसुरी, *गुंला* बाजाहरूसहित आ-आफ्नो तालमा सङ्कटाको *द्योः ल्हायेगु* बाजा बजाउने गर्दछन् । सबै *गुर्जुहरू*ले चोखो वस्त्र, धोती, टिसर्ट र *कषाय्‌गा* (एक किसिमको रातो कपडा) लगाई सङ्कटाको खट वरिपरि मण्डलमाथि बस्ने गर्दछन् । चक्रेश्वरको संकल्प वाक्य उच्चारण हुँदा साथ सर्वप्रथम अन्य *गुर्जुहरू*को तर्फबाट सङ्कटाको पूजा शुभारम्भ गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, रञ्जन शिख्राकार, गुंला बाजा खलः सदस्य, २०८२-४-८) ।

टेबहालका शिख्राकारको पूजा र खिचापोखरीका डंगोल, महर्जनहरूको पूजा सकिएपछि *गुर्जुहरू*बाट फूल, टीका, पञ्चसूत्र धागो, प्रसाद वितरण गर्दछन् । पुजारीहरूद्वारा भक्तजनहरूको पूजा सामग्री लिई सङ्कटामा अर्पण गराउँदछन् । शिख्राकार एवं महर्जनहरूबाट सङ्कटाको टीका फूल ग्रहण पश्चात् भक्तजनहरूलाई *समय्‌बजी* प्रसाद खुवाउने गर्दछन् । दिनभरि सानेपा मण्डलमा पूजा र सङ्कटाको दर्शन गर्ने कार्यक्रम हुने गर्दछ । साँझतिर काठमाडौँका विभिन्न टोलहरूबाट सांस्कृतिक बाजा *धिमे, धुन्यामुन्या,* बाँसुरी, ब्याण्डबाजाका टोलीहरू शोभा यात्राको लागि उपस्थित हुने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, रञ्जन शिख्राकार, गुंला बाजा खलः सदस्य, २०८२-४-८) ।

साँझको समयमा सानेपाबाट सङ्कटाको कलशको शोभायात्रा प्रारम्भ गर्ने परम्परा रहेको छ । चक्रेश्वरले नीलो रङको जामा (वस्त्र) लगाई शिरमा पञ्चबुद्ध मुकुट लगाउँदछन् । दायाँ हातमा बज्र र बायाँ हातमा घण्ट लिई आचार्य बन्धुदत्तको प्रतिनिधिस्वरूप सङ्कटाको खट सामुन्ने आउँदछन् । सांस्कृतिक परम्परागत बाजाहरूका टोलीहरूले आ-आफ्नो तालमा सङ्कटाको *द्योः ल्हायेगु* कार्य गर्ने गर्दछन् । सङ्कटा क्लबका युवाहरूले सेतो कपडाको *बसा* ओछ्याउने गर्दछन्, जुन शोभायात्रा नसकिँदासम्म निरन्तरता दिने गर्दछन् ।

चक्रेश्वरले सङ्कटाको पञ्चोपचार पूजा गर्नुको साथै घण्ट बजाई तान्त्रिक नृत्य गरेपछि *गुर्जुहरू*को वरियताक्रमानुसार दोस्रो, तेस्रो, चौथो र पाँचौं *गुर्जुहरू*ले सङ्कटा प्रवेश भएको कलश राखिएको खटलाई उचाली काँधमा बोकी सानेपा मण्डलबाट ढुङ्गेधारा हुँदै ओर्लिन्छन्। अन्य *गुर्जुहरू*ले सङ्कटा राखिएको खटलाई कसैबाट छुन नपाउने गरी आपसमा हात समाई खटलाई चारैतिरबाट घेरा हाली सानेपाको मण्डल, ढुङ्गेधारा भई मूल सडकमा आउँदछन् (बज्राचार्य, २०५९, पृ. ४३)।

शोभायात्राको सबैभन्दा अगाडि सेता जामा पहिरिएका खड्गी समाजका *नायखिं बाजा,* अनि क्रमशः डंगोल-महर्जनका *धिमेबाजा, धुन्यामुन्या, दाफा बाजा,* बाँसुरी बाजा, ब्याण्डबाजा र शिख्राकारका *गुंला बाजा* र भक्तजन महिलाहरूको शोभा जुलुश सहित सङ्कटाको शोभायात्रा सञ्चालित गर्दछन्। खटको पछि-पछि मखन बहालका बज्राचार्यहरूको परम्परागत बाजा पञ्चताल (*पयतां खलः*) र अरु भक्तजनहरूको उल्लासपूर्ण सहभागिता हुने गर्दछ।

दोबाटो, चौबाटोमा चक्रेश्वरले सङ्कटाको पञ्चोपचार पूजा गर्नुको साथै तान्त्रिक नृत्य गर्दै गुसिंगालबाट ओर्लेर बागमती नदी तरी पुण्येश्वर पुग्दछन्। बागमती नदी क्षेत्रमा भक्तजनहरूको सहभागिता हुने गर्दछ। सङ्कटाको खटले जल स्पर्श हुँदा भक्तजनहरू नदीमा डुबुल्की मार्ने गर्दछन्। शोभायात्रा पुण्येश्वरबाट त्रिपुरेश्वर, दशरथ रंगशाला, जगन्नाथ-देवल, नागस्थान हुँदै धरहराको बाटो हुँदै टेबहाल भित्र प्रवेश गर्दछन्। टेबहाल प्रवेश गर्ने सानो गल्लीको अगाडि बाटोमा गणेशको एउटा मन्दिर रहेको छ। गणेशको मन्दिरलाई दायाँ पारेर सङ्कटाको खट टेबहालको मूल ढोकामा पुऱ्याइने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, विष्णुमाया महर्जन, स्थानीय, २०८२-३-१५)।

रातीको करिब आठ बजेतिर सङ्कटाको खटसहित टेबहालमा पुग्दछन्। टेबहालभित्र विभिन्न सांस्कृतिक बाजा एवं भक्तजनहरूको भिड धेरै हुने गर्दछ। सङ्कटाको खट पुग्नु भन्दा पहिल्यै गणेशस्थाननिरको मूलढोकामा रातो माटोले पोतिएको, *पोताय्* (चामलको पिठो र केशर मिसाएर बनाइएको धुलो) ले स्वस्तिक लेखी माला ओछ्याउने गर्दछन्। त्यसको दायाँबायाँ पल्लवयुक्त माघेफूल माथि माटाका पालाभरि चामल राखि एउटा सिङ्गो सुपारी र दक्षिणाले छोपिएको जलपूर्ण कलश राख्दछन्। त्यसको सँगसँगै दायाँबायाँ प्रज्वलित बत्ती भएको कलात्मक पानस दुईवटा राख्दछन्। मूल ढोका (*पिखालुखु*) माथि रातो वस्त्रका चँदुवा टाँगेर राख्ने गर्दछन्।

सङ्कटाको खट मूल ढोकामा पुग्नासाथ पञ्चताल वाद्य (*पयतां*) को मङ्गल ध्वनिका साथ चक्रेश्वरको स्वस्ति वाचनमा नेपाली परम्परागत प्रचलनअनुरूप मौलिक संस्कृति स्वरूप पाँचजना थकालीका श्रीमतीहरूले सङ्कटाको *लसकुश* (स्वागत पूजा) गर्दछन्। सर्वप्रथम मूल थकालीको श्रीमतीले *बलिंपियेगु* (चामलको कनिकाहरू छरी भूत पिशाच पन्छाउने काम), *सिफं लुयेगु* (काठको पाटीमा फलफूल, लावा, अबीर, फूल, चामल मिलाई शिरमाथि खन्याई दिई पूजा गर्ने र *धौसगं बियेगु* (दही अबीर चामल मुछिएको टीका लगाई पुरुषको दायाँ र महिलाको बायाँ कञ्चटमा बुढी औँलाले दही लगाउने) कार्य सम्पन्न गर्ने गरिन्छ। त्यसपछि पाँचौ नम्बरका थकालीको श्रीमतीले नयाँ कुचोले भुई बढार्दै, चौथो थकालीको श्रीमतीले कलशबाट जलधारा खसाली, तेस्रो थकालीको श्रीमतीले दही कटहर समाई, दोस्रो थकालीको श्रीमतीले पूजा थाली समाई र पहिलो थकालीको

श्रीमतीले *माताचा* (एक प्रकारको पुरानो फलामे साँचो) समाई सङ्कटालाई मन्दिर भित्र्याइने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, चक्रेश्वर, मोतीकाजी बज्राचार्य, २०८२-४-२२) ।

सङ्कटाको दुवै कलशलाई खटबाट झिकी मन्दिरको माथिल्लो तल्लामा मूल ढोकाभित्र *थठ्याचा* भन्ने ठाउँमा ढोका बाहिरबाट दर्शन गर्न मिल्ने गरी अष्टदल पद्म लेखी राख्दछन् । त्यसपछि मूलाचार्यको स्तोत्र वाचनका साथ दोस्रो थकालीले पुनः तान्त्रिक विधिअनुसार सङ्कटाको पूजा गरी सकेपछि भक्तजनहरूलाई सङ्कटाको दर्शन गर्न माथि पठाउने गर्दछन् । मध्यरातसम्म भजन मण्डलद्वारा सङ्कटाको भजनकीर्तन समेत गर्दछन् (बज्राचार्य, २०५९, पृ. ४५) ।

मन्दिरभित्र सङ्कटाको कलश प्रवेशपछि सङ्कटाको पूजा सकिनासाथ *पयतां खलः* मखन बहालका *गुर्जुहरू*लाई भोजन गराई दक्षिणा सहित *किभुः* (थालीमा भरिएको चामल) प्रदान गरी बिदा गर्दछन् । सङ्कटालाई कटुवालदहबाट कलशमा आराधना गरी विधिपूर्वक शोभायात्रा सुसम्पन्न भएको उपलक्ष्यमा पाँचजना थकालीसहित सबै *गुर्जुहरू*ले स्वस्ति मंगल स्तोत्र वाचनका साथ उसिनेको हाँसको फूल, सिंगो माछा र पालामा रक्सी राखि लिइने सगुन लिई सकेपछि आ-आफ्ना निवास स्थानतिर लाग्दछन् ।

## छलफल

काठमाडौँको टेबहाल स्थित सङ्कटा मन्दिरको सांस्कृतिक अध्ययनले उक्त स्थल केवल एउटा धार्मिक संरचना मात्र नभई काठमाडौँ उपत्यकाको प्राचीन इतिहास, विशिष्ट वास्तुकला र जीवन्त तान्त्रिक परम्पराको एउटा महत्त्वपूर्ण कडी भएको पुष्टि गर्दछ । अध्ययनका क्रममा फेला परेका लिच्छविकालीन अभिलेख, चैत्य र विहारका अवशेषहरूले यस क्षेत्रको ऐतिहासिकतालाई छैठौँ-सातौँ शताब्दीसम्म पुऱ्याएको देखिन्छ, जसले तत्कालीन समयमा यो स्थल एउटा महत्त्वपूर्ण धार्मिक केन्द्रका रूपमा विकास भइसकेको सङ्केत गर्दछ । राजा नरेन्द्रदेव, आचार्य बन्धुदत्त र ललित ज्यापुले कामरूप कामाक्षाबाट मत्स्येन्द्रनाथ र सङ्कटालाई नेपाल ल्याएको प्रसङ्गले यस मन्दिरको तान्त्रिक शक्तिलाई उजागर गर्दछ ।

सङ्कटा मन्दिर परिसर लिच्छविकालमा निर्माण भएको हो । टेबहालमा सातवटा लिच्छविकालीन चैत्यहरू रहेका छन् भने दुईवटा लिच्छविकालीन अभिलेख रहेका छन् । मल्लकालमा पनि यस परिसरमा सूर्य र चन्द्रका मूर्ति अभिलेखसहित राखिएको छ । यस क्षेत्रमा पाइएको प्रमाणअनुसार होम गर्ने प्रचलन १५ औँ शताब्दीमा पनि रहेको तथ्य उजागार भएको छ । सङ्कटा देवताको उद्‌गम स्थल नेपालको ललितपुरको कटुवालदहमा भएको पाइएको छ ।

यस अध्ययनको सबैभन्दा विशिष्ट पक्ष सङ्कटा मन्दिरमा रहेको धार्मिक समन्वय हो । हिन्दू धर्मावलम्बीले यिनलाई सङ्कट निवारण गर्ने शनि सङ्कटाका रूपमा र बौद्ध धर्मावलम्बीले चण्डमहारोषण वा पद्मान्तकका रूपमा उपासना गर्नुले नेपाली समाजको मौलिक धार्मिक सहिष्णुतालाई प्रतिबिम्बित गर्दछ । मन्दिरको मूर्त सम्पदामा देखिने पञ्चरक्षा देवीका टुँडाल र तोरणका कलात्मक स्वरूपले तान्त्रिक बौद्ध कलाको प्रतिनिधित्व गर्दछन् भने यहाँका अमूर्त संस्कृतिहरू नित्य पूजा, *बुसाधँ पूजा* र बाह्रवर्षे जात्राले स्थानीय समुदायको सामाजिक

र धार्मिक एकतालाई बलियो बनाएका छन् । विशेषगरी, तान्त्रिक विधिबाट गरिने गोप्य पूजा र चर्या गीतले यस मन्दिरको प्राचीन तान्त्रिक गरिमालाई हालसम्म पनि अक्षुण्ण राखेको पाइन्छ ।

## निष्कर्ष

टेबहालस्थित सङ्कटा मन्दिर काठमाडौँ उपत्यकाको एउटा जीवन्त सांस्कृतिक धरोहरका रूपमा उभिएको छ । यस अध्ययनले मन्दिरको ऐतिहासिकता लिच्छविकालदेखि नै रहेको र यो क्षेत्र बौद्ध विहार एवं हिन्दू मन्दिरको एउटा अनुपम साझा थलोका रूपमा विकसित भएको निष्कर्ष निकाल्छ । मन्दिर परिसरमा रहेका मूर्त सम्पदाहरू अभिलेख, मन्दिर र वास्तुकलाले यसको प्राचीनता र कलात्मकतालाई प्रमाणित गर्छन् भने बाह्र वर्षे जात्रा, *बुसाधँ पूजा* र नित्य पूजा जस्ता अमूर्त परम्पराहरूले यसको सांस्कृतिक पहिचानलाई पुस्तान्तरण गरिरहेका छन् । हिन्दू र बौद्ध दुवै दर्शनलाई तान्त्रिक पद्धति मार्फत एउटै विन्दुमा ल्याउने सङ्कटा मन्दिर नेपाली सभ्यताको समन्वयकारी चरित्रको प्रतीक हो । अतः यसको ऐतिहासिक गहिराइ र सांस्कृतिक विविधतालाई जोगाइराख्नु नै यस अध्ययनको मुख्य सार्थकता देखिन्छ ।

## सन्दर्भ सामग्री

अमात्य, साफल्य, (वि.सं. २०५३), *टुँडिखेल वरपर विद्यमान स्मारक एवं देवस्थलहरू*, काठमाडौँ महानगरपालिका ।

अमात्य, साफल्य, (वि.सं. २०६८), *पुरातत्त्व, इतिहास र संस्कृति*, भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

खनाल, सन्ध्या, (वि.सं. २०७०), टेबहाल (राजकीर्ति महाविहार) तथा प्राङ्गणका महत्त्वपूर्ण सम्पदाहरू, *बुद्ध ज्योति (अंक १)*, पृ. ९५-१०२ ।

नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, (वि.सं. २०७६), *अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि २००३*, नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, (वि.सं. २०८१), *अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१*, नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

न्यौपाने, काशीनाथ, (अनु.), (२०१६), *श्रीचण्डमहारोषणतन्त्रम्*, इण्डियन माइन्ड ।

बज्राचार्य, जुद्धरत्न, (वि.सं. २०५८), *श्री संकटा राजकीर्ति महाविहार (टेबहाल) को संक्षिप्त परिचय*, सुनकेशरी बज्राचार्य ।

बज्राचार्य, नरेश मान, (वि.सं. २०६९), *बज्रयान नेपाल*, त्रिरत्न प्रकाशन ।

बज्राचार्य, पुरुषोत्तम, (वि.सं. २०५९), श्री संकटा १२ वर्षे मेला एक यात्रा स्मरण, *श्री संकटा १२ वर्षे मेला २०६० स्मारिका*, पृ. ३७-४५ ।

बज्राचार्य, पूर्णरत्न, (वि.सं. २०६०), संकटाको स्थापना, *श्री संकटा १२ वर्षे मेला २०६० स्मारिका*, पृ. २३-२६ ।

बस्नेत, सरोज, (वि.सं. २०५९), श्री संकटा मन्दिर पुनःनिर्माण आयोजना, *श्री संकटा १२ वर्षे मेला २०६० स्मारिका*, पृ. ६१-६३ ।

मानन्धर, जीतबहादुर, (वि.सं. २०५१), *श्रीगणेशाय नमः*, तारादेवी मानन्धर ।

वज्राचार्य, धनबज्र, (वि.सं. २०५३), *लिच्छविकालका अभिलेख* (दोस्रो संस्करण), नेपाल र एशियाली अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालय ।

वज्राचार्य, रञ्जना, (वि.सं. २०५९), *ललितपुर, इलांननीस्थित श्रीचण्डमहारोषण (श्रीसङ्कटा) : एक अध्ययन,* श्री पद्मरत्न धाख्वा ।

श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, (वि.सं. २०६१), *काठमाडौँ उपत्यकाका सांस्कृतिक सम्पदाहरू काठमाडौँ महानगरपालिका भाग ३,* श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

Bhattacharyya, B. (1924). *The Indian Buddhist iconography*. Humphrey Milford Oxford University Press.

Bhattacharyya, B. (1993). *The Indian Buddhist iconography*, Asian Educational Services.

Locke, J. (1985). *Buddhist monasteries of Nepal*. Sahayogi Press Pvt. Ltd.

Regmi, D. R. (1966). *Medieval Nepal (Part III).* Firma K. L. Mukhopadhyay.

Thapa, A. (2017). Belief and tradition: healing sites for different diseases in the Kathmandu Valley. *Nepalese Culture,* vol. XII. Pp. 115-128.